# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, चैत १४ गते २०३९ साल

श्री ५ को सरकार

गृह मन्त्रालयको

सूचना

२०४० साल वैशाख १ गतेदेखि ऐ. चैत मसान्ततक वर्ष १ मा मन्त्रालय, अदालत, विभाग एवं कार्यालयहरूलाई देहायबमोजिम सार्वजनिक र पर्व बिदाहरू दिने श्री ५ को सरकारले निर्णय गरेको छः–

१. हरेक शनिबार दिन — — — — — — — ५२

| | | |
|---|---|---|
| वैशाख ३, १०, १७, २४, ३१ | गते दिन पाँच — — — — | ५ |
| जेठ ७, १४, २१, २८ | गते दिन चार — — — — | ४ |
| असार ४, ११, १८, २५, ३२ | गते दिन पाँच — — — — | ५ |
| साउन ७, १४, २१, २८ | गते दिन चार — — — — | ४ |
| भदौ ४, ११, १८, २५ | गते दिन चार — — — — | ४ |
| असोज १, ८, १५, २२, २९ | गते दिन पाँच — — — — | ५ |
| कात्तिक ५, १२, १९, २६ | गते दिन चार — — — — | ४ |
| मंसीर ३, १०, १७, २४ | गते दिन चार — — — — | ४ |
| पुस २, ९, १६, २३, ३० | गते दिन पाँच — — — — | ५ |
| माघ ७, १४, २१, २८ | गते दिन चार — — — — | ४ |
| फागुन ६, १३, २०, २७ | गते दिन चार — — — — | ४ |
| चैत ४, ११, १८, २५ | गते दिन चार — — — — | ४ |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. पर्व बिदाहरू:-

(क) नव वर्ष:- वैशाख १ गते बिहीबार दिन एक ----- १

(ख) चैत्र शुक्ल अष्टमी (चैते दशैं) वैशाख ७ गते बुधबार दिन एक ----- १

(ग) राम नवमी:- वैशाख ८ गते बिहीबार दिन एक ----- १

(घ) ऋषि तर्पणी (रक्षाबन्धन) भाद्र ७ गते मंगलबार दिन एक ------ १

(ङ) वसन्त पञ्चमी:- माघ २४ गते मंगलबार दिन एक ---------- १

(च) महाशिवरात्रि:- फागुन १७ गते बुधबार दिन एक ---------- १

(छ) फागु पूर्णिमा:- चैत ३ गते शुक्रबार दिन एक ------------ १

(ज) चैत्र शुक्ल अष्टमी (चैते दशैं) चैत २७ गते सोमबार दिन एक ---- १

(झ) राम नवमी:- चैत २८ गते मंगलबार दिन एक ------------- १

३. महिला कर्मचारीको लागि मात्र:-

(क) हरितालिका (तीज):- भाद्र २४ गते शुक्रबार दिन एक -------- १

(ख) ऋषि पञ्चमी:- भाद्र २६ गते आइतबार दिन एक ----------- १

(ग) नारी दिवस:- ८ मार्च, १९८४ तदनुसार फागुन २५ गते बिहीबार दिन आधा -- -- -- -- -- -- -- -- -- -- -- १/२

४. जात्रा बिदा (उपत्यकालाई मात्र):-

(क) गाइजात्रा:- भदौ ८ गते बुधबार दिन एक -------- १

(ख) इन्द्रजात्रा:- आश्विन ५ गते बुधबार दिन एक ---------- १

(ग) घोडेजात्रा:- चैत १९ गते आइतबार दिन एक ------------ १

(घ) मछिन्द्रनाथको भोटो देखाउने दिन एक ---------------- १

५. दशैं बिदा:-

(क) घटस्थापना:- आश्विन २१ गते शुक्रबार दिन एक - - - - - १

(ख) त्यसपछि:- आश्विन २७ गतेदेखि कात्तिक ४ गतेतक (फूलपातीदेखि कोजाग्रत पूर्णिमासम्म) दिन नौ -- -- - ९

६. तिहार बिदा:-

(क) लक्ष्मी पूजा:- कात्तिक १८ गते शुक्रबार दिन एक -- -- -- -- १

(ख) गोवर्धन (म्ह पूजा) पूजा:- कात्तिक १९ गते शनिबार दिन एक -- १
बिदा भनी रहनु नपर्ने ।

(ग) भातृ (किजा) पूजा:- कात्तिक २० गते आइतबार दिन एक -- -- १

७. दिवस बिदा:-

(क) संयुक्त राष्ट्र संघ दिवस:- २४ अक्टोबर १९८३ तदनुसार कात्तिक ७ गते सोमबार दिन आधा -- -- -- १/२

(ख) शहीद दिवस:- माघ १६ गते सोमबार दिन आधा -- -- -- १/२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित प्रतिमा मात्र लागु हुनेछ।

८. श्री ५ महाराजाधिराज सरकारको स्वदेश वा विदेश भ्रमणमा सवारी होइबक्सँदा र राजधानी फिर्ती होइबक्सँदा देहाय अनुसार बिदा हुनेछः–

(क) राजकीय भ्रमण गरिबक्सँदा अधिराज्यभर बिदा ।

(ख) औपचारिक भ्रमण गरिबक्सँदा (उपत्यकाभित्रका) कार्यालयहरूलाई मात्र आधा दिन बिदा ।

९. शुभ-जन्मोत्सव बिदाः–

(क) श्री ५ महाराजाधिराज सरकारको शुभ-जन्मोत्सव अधिराज्यभर पुस १४ गते बिहीबार र अधिराज्यबाहिर (१९८३ डिसेम्बर २८ तारीख) बुधबार दिन एक — — — — — — — — — — — १

(ख) श्री ५ बडामहारानी सरकारको शुभ-जन्मोत्सव अधिराज्यभर कात्तिक २२ गते मंगलबार र अधिराज्यबाहिर १९८३ नोभेम्बर ७ तारीख सोमबार दिन एक — — — — — — — — — — — १

१०. शुभ-जयन्ती बिदाः–

(क) बुद्ध जयन्तीः– जेठ १२ गते बिहीबार दिन एक — — — — — १

(ख) कृष्ण जन्माष्टमीः– भदौ १५ गते बुधबार दिन एक — — — १

(ग) श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको शुभ-जयन्ती पुस २७ गते बुधबार दिन एक — — — — — — — — — १

(घ) राष्ट्रपिता श्री ५ त्रिभुवन जयन्ती तथा राष्ट्रिय प्रजातन्त्र दिवस फागुन ७ गते आइतबार दिन एक — — — — — — — — — — १

(ङ) श्री ५ महेन्द्र जयन्ती तथा संविधान दिवसः– पुस १ गते शुक्रबार दिन एक — — — — — — — — — — — — — — १

११. हाजिर हुने र छुट्ने समयः–

मन्त्रालय तथा कार्यालयहरूको हकमा मंसीर, पुस र माघ ३ महीना बिहान १० बजे हाजिर भै बेलुका ४ बजे छुट्ने, बाँकी ९ महीना १० बजे हाजिर भै बेलुका ५ बजे छुट्ने ।

१२. निम्नलिखित उत्सव समारोहमा उपस्थितिको निमित्त तोकिएको दिन, ठाउँ र समयमा सूचना भए बमोजिम गर्नेः–

(क) श्री ५ महाराजाधिराज सरकारको शुभ-जन्मोत्सवमा उपस्थित हुने ।

(ख) श्री ५ महाराजाधिराज सरकारको बाहुलीबाट टीका थाप्ने ।

(ग) श्री ५ बडामहारानी सरकारको शुभ-जन्मोत्सवमा उपस्थित हुने ।

(घ) श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको शुभ-जयन्तीमा उपस्थित हुने ।

५४९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) राष्ट्रपिता श्री ५ त्रिभुवन जयन्ती तथा राष्ट्रिय प्रजातन्त्र दिवसमा उपस्थित हुने ।

(च) श्री ५ महेन्द्र जयन्ती तथा संविधान दिवसमा उपस्थित हुने ।

(छ) श्री ५ महाराजाधिराज सरकारबाट बसन्त श्रवण गरिबक्सने दिन उपस्थित हुने ।

(ज) बडा दशैं फूलपातीको दिन उपस्थित हुने ।

(झ) महाशिवरात्रिको बढाइँमा उपस्थित हुने ।

(ञ) घोडेजात्राको तमाशामा उपस्थित हुने ।

१३. माथि लेखिए बमोजिम बिदा पाउनेमा रोजाना काम हुने मन्त्रालय तथा कार्यालय-हरू जस्तैः– अस्पताल, रोपवे, तार, टेलिफोन, प्रहरी थाना, चौकी, फायर वृगेड, टक्सार, रेडियो नेपाल, श्री ५ को सरकारको छापाखाना, आकाशवाणी र हुलाक समेतका काम काज रोक्न नहुने कार्यालयहरूका निमित्त सरकारी काम काज रोक्न नपाउने गरी प्रचलित कानून बमोजिम रीत पुर्‍याई मात्र बस्न पाइनेछ ।

टिप्पणीः–

आधा दिन भन्नाले मंसीर, पुस र माघ तीन महीनाको निमित्त दिनको १ बजे र बाँकी ९ (नौ) महीनाको लागि दिनको १।३० बजे भन्ने सम्झनुपर्छ ।

आज्ञाले,
वीरबहादुर शाही
श्री ५ को सरकारको का. मु. सचिव

७४८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।